# गण्डकी गाउँपालिकाको विनियोजन ऐन २०७५

गण्डकी गाउँपालिकाको आर्थिक बर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागी स्थानीय सञ्चितकोषबाट केहि रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्थागर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति : २०७५ /०३/१०

प्रस्तावना : गण्डकी गाउँपालिकाको आर्थिक बर्ष २०७५/७६ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केहि रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकाले , नेपालको संविधानको धारा २२९ को उपधारा (२ँ) बमोजिम गण्डकी गाउँ सभाले यो ऐन बनाएको छ ।

**१ संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम गण्डकी गाउँपालिकाको विनियोजन ऐन २०७५ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२ आर्थिक वर्ष २०७५/७६ को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०७५/७६ को निमित्त गाउँकार्यपालिका ,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुचि १ मा उल्लिखित चालु खर्च , पुँजिगत खर्च र वित्तिय व्यवस्थापनको रकम समेत जम्मा गरी रकम रु **४२,९५,८९३८३। (अक्षेरुपी बयालीस करोड पन्चानव्वे लाख उनानव्वे हजार तिन सय त्रियासी मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३ विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकममा आर्थिक वर्ष २०७५/७६ को निमित्त गाउँपालिका गाउँकार्यपालिकाको वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शिर्षकबाट रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशत नबढ्ने गरी कुनै एक वा एक भन्दा बढि शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजिगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तनी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पुँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृतिलिनु पर्नेछ ।

अनुसुचि १

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संचितकोषबाट विनियोजन हुने रकम

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पुँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | गाउँपालिका | | ११,५९,६९,०००। | ८,५९,२०,३८३। | | |
| | वडा समिति | | २०,००,०००। | ८,१६,००,०००। | | |
| | विषयगत शाखा | | १४,४१,००,०००। | | | |
| | ऋणको सावा व्याज भुक्तानी | | | | | |
| | लागानी (शेयर /ऋण) | | | | | |